

# अध्याय -५

## ऋणको मामिलामा गर्नुपर्ने कारोबार

**मूल पदहरू:** व्यवस्था २८:१,२,१२; मत्ती ६:२४, १ यूहन्ना २:१५; हितोपदेश २२; हितोपदेश ६:१-५ र व्यवस्था १५:१-५।



**यस अध्यायको मूल सार पदः "धनीले गरीबमाथि प्रभुत्व जमाउँछ, र ऋण लिनेचाहिँ ऋण दिनेको नोकर हुन्छ।" हितोपदेश २२:७।**

ऋण भन्ने शब्दका अर्थहरू धेरै होलान्। तर एउटा अर्थचाहिँ यो हो, "भविष्यमा के कमाउनेछ त्यसको आधारमा अहिले आफूसँग नभएको पैसा ऋण लिएर बाँचिरहनु।" आजको सभ्यतामा ऋण भनेको जीवनशैलीको एक भाग नै भइरहेको छ। तर येशूभावनाभावित भएका मानिसहरूमा यो ऋण लिने चलन हुनुहुन्न। ऋण लिने कुरामा बाइबलले उत्साह गर्दैन। बाइबलमा कमसेकम २६ वटा पदहरू छन् जसले ऋणको बारेमा सम्बोधन गर्छन् र ती सबै पदहरू नकारात्मक छन्। पैसा सापत लिनु वा दिनु पाप हो त बाइबलले भन्दैन। तर सापत लिएर जीवन चलाउँदा त्यसको नतिजा असल हुँदैन भनेर बाइबलले बताउँदछ। आर्थिक मामिलामा सल्लाह दिँदै पावलले भन्दछन्, "तिर्नुपर्ने कुरा सबैलाई तिर– कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर। आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ।

किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ।" रोमी १३:७-८।

चाहे व्यक्ति होस् वा संघसंस्थामा होस् र सरकारमा होस् ऋण अन्तराष्ट्रिय कोर्रा जस्तो किन भइरहेको छ? प्रत्येक समाजमा कोही न कोही छ जो अलिकति भएपनि ऋणमा परिरहेको हुन्छ। आज समाजका बहुमत मानिसहरू ऋणमा परेका छन् र त्यो तिनीहरूको निम्ति फाइदा छैन।

ऋण लिनुपर्ने कारणहरू के छन् र त्यसलाई कसरी समाल्ने भनेर हामी यस अध्यायमा छलफल गर्नेछौं। तपाई ऋणमुक्त हुनुभएको होला तर यस अध्यायमा छलफल गरिएका महत्त्वपूर्ण जानकारीहरू परिवार र साथीभाइहरूलाई बाँड्न सक्नुहुन्छ।

## १. ऋणका समस्याहरू

**व्यवस्था २८:१-१४ पढ्नुहोस्। ऋणको बारेमा आफ्ना जनहरूको निम्ति परमेश्वरको आदर्श नीति के छ? यो नीतमा हिंड्न तिनीहरू के के गर्नुपर्छ? आजको विश्वामा तत्कालिन पौराणिक इस्राएलीहरूको सन्दर्भमा ऋणको मामिला फरकै भएतापनि त्यहाँ दिएका नीतिहरूबाट हामी के सिक्न सक्दछौ? हेर्नुहोस्," १ आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम तिमीहरूले होशियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको वचन पालन गर्‍यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ। २ परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गर्‍यौ भने यी सबै आशिष् तिमीहरूलाई लाग्नेछन्, र तिमीहरूसाथ रहिरहनेछन्: ३ तिमीहरूले सहरमा आशिष् पाउनेछौ, र गाउँ-बस्तीमा आशिष् पाउनेछौ। ४ तिमीहरूका सन्तानमाथि आशिष् पर्नेछ, साथै खेतका उब्जनीमाथि, गाईबस्तुका बाछा-बाछीमाथि, भेड़ाबाख्राका पाठापाठीमाथि। ५ तिमीहरूको डालो र तिमीहरूको पीठो मुछ्ने आरीमा आशिष् पर्नेछ। ६ भित्र आउँदा र बाहिर जाँदा तिमीहरूले आशिष् पाउनेछौ। ७ तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई परमप्रभुले तिमीहरूकै सामु परास्त गर्नुहुनेछ। उनीहरू तिमीमाथि एक बाटो आउनेछन्, तर तिमीबाट सात बाटा भाग्नेछन्। ८ परमप्रभुले तिमीहरूको ढुकुटीमा र तिमीहरूका सबै काममा आशिष् दिनुहुनेछ। परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने देशमा उहाँले तिमीहरूलाई आशिष् दिनुहुनेछ। ९ परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरू मानेर उहाँका मार्गमा हिंड्यौ भने, उहाँले तिमीहरूलाई शपथ खाएर प्रतिज्ञा गर्नुभएझैं तिमीहरूलाई**

**आफ्नो लागि एक पवित्र जाति बनाएर स्थापित गर्नुहुनेछ। १० तब पृथ्वीका समस्त मानिसहरूले तिमीहरू परमप्रभुका नाउँले कहलिएका हौ भनी थाहा पाउनेछन् र तिमीहरूसँग डराउनेछन्। ११ तिमीहरूलाई दिन्छु भनी तिमीहरूका पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरूका सन्तान, गाईबस्तु र भूमिको उब्जनीमाथि परमप्रभुले प्रशस्त उन्नति दिनुहुनेछ। १२ परमप्रभुले आकाश, आफ्नो प्रशस्तताको भण्डार उघारेर तिमीहरूको भूमिमा ठीक ऋतुमा झरी पठाउनुहुनेछ, र तिमीहरूका हातका सबै मेहनतमा आशिष् दिनुहुनेछ। तिमीहरूले धेरै जातिलाई ऋण दिनेछौ, तर कसैबाट ऋण लिनेछैनौ। १३ मैले आज तिमीहरूलाई दिएका परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरूमा ध्यान दिएर ती होशियारीसाथ पालन गर्‍यौ भने, परमप्रभुले तिमीहरूलाई पुच्छर होइन तर शिर तुल्याउनुहुनेछ। तिमीहरू सधैं टुप्पामा हुनेछौ, कहिल्यै फेदमा पर्नेछैनौ। १४ मैले आज तिमीहरूलाई दिएका आदेशहरूमध्ये कुनैबाट दाहिने र देब्रेतिर लागेर अन्य देवताहरूका पछि लागी तिनीहरूको सेवा नगर।" व्यवस्था २८:१-१४।**

मानिसहरू आर्थिक समस्यामा पर्ने तीन कारणहरू छन् भनेर खोज अनसुन्धानले देखाएको छ। प्रायजसो बारम्बार घट्ने आधारमा ती कारणहरू उल्लेख गरिएका छन्।

*प्रथम, अज्ञानताको कारणले।* कतिपय मानिसहरू जतिसुकै शिक्षित भएतापनि आर्थिक मामिलामा अशिक्षित छन्। न त बाइबलले बताए अनुसार न त अरूले आर्थिक व्यवस्थापनको बारेमा सिकाएका नीतिहरू तिनीहरूलाई थाहा छ। तर तिनीहरूको निम्ति आशा छ! यस अध्यायमा ती सरल नीतिहरू प्रस्तुत गरिनेछन् जसलाई प्रयोग गर्दा आर्थिक समस्याहरूमा राहत पाउन सक्दछ।

*आर्थिक मामिलामा कठित परिस्थिति भोग्नुपर्ने दोस्रो कारण छ, मानिसहरू लोभी, स्वार्थी र धन थुपार्न चाहने नीतिमा लाग्ने प्रवृत्ति।* विभिन्न विज्ञापनहरूले मानिसहरूका दिमागलाई नियन्त्रण गरिरहेका छन्। तिनीहरूलाई व्यक्तिगतरूपमा लिन खोज्दा मानिसहरू आफ्नो गच्छेभन्दा बाहिर गएर बाँच्न चाहन्छन्। यस प्रतिस्पर्धात्मक समाजमा अरूहरूको भनाइ र देखाइ अनुसार मानिसहरू जिउन चाहन्छन्। तिनीहरू आफ्नो हैशियत अनुसार जिउन चाहँदैनन्। कतिपय ती मानिसहरू चाहे एडभेन्टिस्टहरू नै किन नहुन् तिनीहरूसँग दशांस दिने पैसा पनि छैन, तिनीहरू गरिब छन् भन्ने मनस्थितिमा जाकिरहेको हुन्छ। त्यसको फलस्वरूप तिनीहरू परमेश्वरले प्रतिज्ञा गर्नुभएको

बुद्धिज्ञान र आशिषहरूबाट बंचित भएर बसेका हुन्छन् (मलाकी ३:१०,११; मत्ती ६:३३)। तिनीहरूको निम्ति पनि आशा छ, तर तिनीहरूको हृदय परिवर्तन हुनुपर्दछ र आफ्नो गच्छे अनुसार संतुष्ट भएर जिउने चाहना गर्नुपर्दछ।

*तेस्रो कारण मानिसहरू आर्थिक कठिनाइमा पर्नुको कारण व्यक्तिगत दुर्भाग्य।* कोही गम्भिररूपमा बिमार होला, तिनीहरूसँग औषधी उपचार गर्न चाहिने पैसा पनि नहोला। कतिपय श्रीमान वा श्रीमती आर्थिक समस्याले गर्दा छुटपाट पनि होला र एक्लिन पुग्नुपरेको होला। प्राकृतिक प्रकोपले आफ्ना श्रीसम्पत्ति ध्वस्त पनि भएको होला। वा कतिपय मानिसहरू गरिब वा विपन्न परिवारमा जन्मेको कारणले पनि होला। तिनीहरूको निम्ति पनि आशा छ। तिनीहरूको जीवन कठिन भएतापनि तिनीहरूले समस्याहरूसँग लडेर माथि उचेल्न सक्दछ। इसाई साथीभाइहरूको सहयोगले परिवर्तन हुनसक्छ; येशूभावनाभावित भएका मानिसहरूको सरसल्लाहले तिनीहरूले राहत पाउन सक्दछ; असल शिक्षा पाएर कडा परिश्रम गर्दा तिनीहरूको जीवन सुधार्न सकिन्छ। अझ सबभन्दा मूख्य कुरो त परमेश्वरसँग टाँसिएर बस्दा उहाँको आशिषमा रहेर आफ्नो आर्थिक जीवन धान्न सक्दछ। तर जे कारण भएतापनि वा आफ्नै व्यक्तिगत कमीकमजोरीले गर्दा भएतपनि ऋणबिना मानिस जिउन सक्दछ। ऋणै लिने वाध्य भएतापनि तिनीहरूको जीवनमा केही परिवर्तन ल्याउन आवश्यक भएको ठान्नुपर्दछ। आफ्नो गच्छे अनुसार खर्च गरेर तिनीहरू आत्मसंतुष्टि हुनु आवश्यक छ। पैसाको मामिलामा तिनीहरूको प्राथमिकता के छ सो पनि महसुस गर्नु आवश्यकता छ।

१ तिमोथी ६:६-९ पढ्नुहोस्। यहाँ पावलले के भनिरहेको छ जुन हामीले सिक्नु आवश्यक छ? उनले व्यक्त गरेका भावनाहरू तपाईँको निम्ति कस्तो अर्थमूलक छ? पावलले सिकाउन चाहेको अनुसार चल्न तपाईँ कसरी सुधारेर चल्नुपर्दछ? हेर्नुहोस्, " सन्तुष्टिसहितको भक्ति नै ठूलो लाभ हो। किनकि हामीले न त यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं। तर खान र लाउनसम्म छ भने हामी त्यसैमा सन्तुष्ट हुनुपर्दछ।

*तर धनी हुने इच्छा गर्नेहरू परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दु:खदायी इच्छाहरूमा डुब्छन्, जसले मानिसहरूलाई बरबादी र सर्वनाशमा डुबाउँछन्। किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड़ हो। पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका छन्।" १ तिमोथी ६:६-१०।*

## २. परमेश्वरमा विश्वास गर्ने भक्तको सरसल्लाहमा चल्नु

हामी भौतिक प्राणी हौं। हामी भौतिक संसारमा रहन्छौं। कतिपय समयमा संसारकौ भौतिक र आकर्षित कुराहरूमा लागेर हामी हाम्रो अस्तित्वको बारेमा पनि भुल्न थाल्दछौं। यदि यस संसारमा भएका थोकहरू र पैसा कमाउने चाहना नभएर जिउन चाहन्छौं भने हामी फलामको जिउ हुनुपर्दछ। हामी रगत र मासुले बनेको प्राणी भएकोले संसारका थोकहरूबाट अलग बनेर बस्न सक्दैनौं। कतिपय समयमा यदि हामीलाई चिठ्ठा परे धनी भएको भए के हुन्थ्यो होला भनेर हामी मध्ये कसले कल्पना गरेनौं होला?

यी सबै कुराहरूको हामी सबैले सामना गरेका हुन्छौं। यो आफैमा नराम्रो छैन न त कडा परिश्रम गरेर सुविधा सम्पन्न जीवन बिताउन र धनी हुनुमा खराब छ। तर पैसा नै सबै थोक हो, यो घ्यौता हो र भौतिक सम्पत्ति भए पुग्छ परमेश्वरको हाम्रो खाँचो छैन भन्ने धरापमा हामीलाई पर्न दिनु आवश्यक छैन। यदि हाम्रो विवेक अनुसार जे ठिक छ त्यही त्यसमा विश्वाससाथ र पारदर्शिकरूपमा रह्यौं भने परमेश्वरले हामीलाई दैविक शक्ति दिनुहुनेछ भन्ने प्रतिज्ञाले हामी सुसज्जित हुनसक्छौं। यो धेरै महत्त्वपूर्ण छ किनकि धनमात्र कमाउने र भौतिक सम्पत्तिमात्र जोर्ने दिमागलाई प्राथमिकता दिँदा धेरै मानिसहरूको जीवन विग्रन गएको पाउँछौं।

**मत्ति ६:२४ र १ यूहन्ना २:१५ पढ्नुहोस्। यी विभिन्न सन्दर्भहरूमा सम्बोधन गरेतापनि ती पदहरूमा व्यक्त गरेका धारणाहरूमा के साझा विषयबस्तु छ? हेर्नुहोस्, “कसैले दुई मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कालाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धनको सेवा गर्न सक्दैनौ।" मत्ती ६:२४ र "संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्। संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ।" १ यूहन्ना २:१५-१७।**

दुर्भाग्यवस आजको प्रतिस्पर्धामूलक विशेष गरेर सहरीय वातावरण यस्तो कडा र आकर्षित छ कि प्रेमले संतुष्ट हुनुपर्ने गुणलाई त्यागेर बरु

ऋणैमा परेर भएतापनि संसारको तडकभडकमा लाग्न र संसारका मानिसहरूलाई खुशी पार्न मानिसहरू अग्रसर भइरहेको पाइन्छ। यस्तो खालको जीवन सफल जीवन होइन। हेर्नुहोस्, " फेरि मैले सूर्यमुनि केही व्यर्थ देखें। एउटा एकलो मानिस थियो, त्यसका न त छोरा न दाजुभाइ थिए। त्यसको परिश्रमको अन्त्यै थिएन, तापनि त्यो आफ्नो धन-सम्पत्तिमा सन्तुष्ट हुँदैनथ्यो। त्यसले सोध्यो, "कसको लागि म मेहनत गरिरहेको छु? जीवनको सुख म किन त्याग्दैछु?" यो पनि व्यर्थ हो, एउटा दुःखदायी कुरा।" उपदेशक ४:७-८। (धनसम्पत्ति थुपार्दा जीवनको सुख त्याग्दै छ रे- यो रोचक मान्नुपर्दछ- अनुवादक)। ऋणले मानिसहरूलाई धरापमा पार्ने सैतानको चलखेल हो। आफ्ना जनहरू ऋणबिना रहेर खुशी होउन् भन्ने परमेश्वरको चाहना हो। बाइबल र एलेन जी ह्वाइटका सरसल्लाहमा हामी चल्न सक्यौं भने हामीले आर्थिक स्वतन्त्रता पाउन सक्छौं।

**भजन ५०:१४,१५मा परमेश्वरका जनहरू कस्तो मनस्थितिमा रहनुपर्छ भनेर सिकाएको पढ्नुहोस्। "तपाईंको भाकल पूरा गर्नुहोस्" भन्नुको अर्थ के हो? हेर्नुहोस्, "परमेश्वरलाई धन्यवाद बलि चढ़ा, र सर्वोच्चलाई दिएको भाकल पूरा गर्। र सङ्कष्टको दिनमा मलाई पुकार्, र म तिमीलाई छुटाउनेछु, र तिमीले मेरो महिमा गर्नेछौ।" भजनसंग्रह ५०:१४-१५।**

हामी चर्चको सदस्यतामा नाउँ लेखाउँछौं। परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो र हामीलाई मुक्ति दिनुभयो भनेर खुशी मान्दै धन्यवाद र स्तुति गर्दै चर्चमा सहभागी हुन्छौं । बप्तिस्मा लिएको समयमा विभिन्न भाकलहरू सबैको सामु गर्छौं। ती भाकलहरूमा एउटा छ, "के तपाईं चर्चको संगठनमा विश्वास गर्नुहुन्छ? तपाईंको दशांस र भेटीहरू दिएर र व्यक्तिगत प्रभावबाट चर्चलाई सहयोग गर्दै परमेश्वरको आराधना गर्ने के तपाईंको लक्ष्य हो?" हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हेशियतले त्यस सपथलाई "हो" भनेर स्वीकार्दछौं। त्यसकारण यस भजन ५०:१४,१५ तिनीहरूको निम्ति परमेश्वरको प्रतिज्ञा हो जसले परमेश्वरलाई धन्यवाद दिन्छन् र आफूले गरेका भाकलहरूलाई

*तपाईंले के के निर्णय गरिरहनुभएको जसले गर्दा संसारको धरापमा तपाईं पर्नुभएको छैन भनेर देखाइरहनुभएको छ? परमेश्वरको राज्य खोजी गर र उहाँको धार्मिकता भन्ने आदेशभित्र परमेश्वरको राज्यको नीति वा दश आज्ञाहरू छन् जुन एउटा "छ दिन परिश्रम गर" भनिएको छ। परिश्रम गरेर असल, सुविस्ता र सम्पन्न जीवन बिताउनु भनेको पैसालाई भगवान मान्नु किन आवश्यक छैन? धनसम्पत्ति कमाएर सम्पन्न हुनु र धन वा पैसालाई नै भगवान हो भनेर मान्न वा पैसालाई पजा गर्नमा के भिन्नता छ?*

## ३. ऋणबाट कसरी मुक्त हुने

**हितोपदेश २२:७मा ऋणी व्यक्ति ऋण दिनेको दास हुन्छ भनेको छ। त्यसको अर्थ के हो? हेर्नुहोस्, "धनीले गरीबमाथि प्रभुत्व जमाउँछ, र ऋण लिनेचाहिँ ऋण दिनेको नोकर हुन्छ।"**

यदि तपाईं यस ऋणको दुर्भाग्यमा पर्नुभएको छ भने त्यसबाट उम्किने उपाय के छ? यहाँ त्यसबाट उम्किने केही उपायहरू छन्। यहाँ देखाइएको योजना सरल छ। येशूलाई विश्वास गर्छु भन्नेको प्रतिवद्धता के छ र अनि तीन सल्लाहहरू दिएका छन्।

जब परमेश्वरलाई हृदयदेखि विश्वास र समर्पण गरेर बप्तिस्माको सपथ खाएर बप्तिस्मा लिन्छन् तब त्यसलाई कायम राख्नु जरुरी ठान्नुपर्दछ। उहाँको पवित्र दशांस दिनुमा हामी पारदर्शी र बफादार हुनुपर्दछ।यदि त्यसो गऱ्यौं भने उहाँको बुद्धिज्ञान र आशिषहरूको दावी गर्न सक्छौं। उहाँका आज्ञा पालन गर्नेहरूलाई आशिष दिन उहाँ उत्सुक हुनुहुन्छ।

पहिलो कदममामा थप ऋण नलिने प्रतिवद्ध हुनुपर्दछ। सापत लिएर नचल्ने बानीलाई बसाल्नुपर्दछ। यदि तपाईंले पैसा सापत लिनु भएन भने तपाईं ऋणमा पर्नुहुन्न। अब जे भयो भयो यदि तपाईंले थप ऋण लिनुभएन भने तपाईं ऋणको मारबाट उम्कनुसक्नुहुन्छ।

दोस्रो कदममा परमेश्वरसँग करार बाँध्नुहोस् कि तपाईंले ऋण अबदेखि लिनुहुन्न। जब उहाँले तपाईंलाई आशिष दिनुहुन्छ तब जति सक्यो त्यति छिटो ऋणहरू चुक्ता गर्नुहोस्। जब तपाईंलाई परमेश्वरले आर्थिकरूपमा आशिष दिनुहुन्छ तब त्यो आशिष ऋण घटाउन प्रयोग गर्नुहोस् र खास आवश्यक नभएका नयाँ कुराहरू नकिन्नुहोस्। यो कदम अत्यन्तै निर्णायक हुनुपर्दछ। जब कतिपय मानिसहरूले अपेक्षा नगरिएको उपहार वा पैसा पाउँछ त्यो त्यसै आएको हो भने खर्च गर्छन्। त्यसो नगर्नुहोस्; बरु तपाईंले ऋण घटाउन त्यो पैसा प्रयोग गर्नुहोस्।

तेस्रो कदम पनि व्यवहारीक छ। तपाईंले कोकोसँग सापत लिनुभएको छ त्यसको सूची बनाउनुहोस्। सबभन्दा धेरै कोसँग लिनुभएको छ र सबभन्दा थोरै कोसँग लिनुभएको छ त्यसको सूची बनाउनुहोस्। घरजग्गाको निम्ति लिएको सापत त्यस सूचीको माथिल्लो भागमा हुनुपर्दछ र अलि अलि यहाँ त्यहाँ सापत लिएको सूचीको अन्तिम भागमा हुनुपर्दछ। महिनै पिच्छे केही न

केही रकम तिर्ने योजना बनाउनुहोस्। यो कदमले तपाईंको ऋण छिटै चुक्ता भएको पाउँदा तपाईं खुशी हुनुहुनेछ।

हामी ऋणमा नपरोस् भन्ने परमेश्वरको स्पष्ट चाहना छ। जब परमेश्वरसँग व्यक्तिगत करार बाँध्छ धेरै परिवारहरूलाई उहाँले अपेक्षा नगरेको ठाउँबाट आशिष दिनुभएको तिनीहरूले पाएका छन्। ती तीन सरल कदमहरूलाई कार्यान्वयन गर्दा धेरै परिवारहरू ऋण मुक्त भएका छन्। परमेश्वरलाई तपाईंको जीवनमा प्रथम् स्थानमा राख्दा तपाईं पनि ऋण मुक्त हुनसक्नुहुन्छ। तपाईंलाई सुम्पिएको भौतिक आशिषहरू कसरी व्यवस्थित ढँगले सम्हाल्ने भनेर उहाँले तपाईंलाई बुद्धिज्ञान र आशिष दिने कुरामा कुनै शङ्का नै छैन।

*हिब्रू १३:५,६मा उल्लेख गरिएको छ, "तिमीहरूका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख। तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ।" यसकारण निर्धक्क भएर हामी भन्दछौं, "प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउनेछैनँ। मानिसले मलाई के गर्न सक्छ?" यस वचनलाई तपाईंले तपाईंको जीवनमा कसरी प्रयोग गर्न सक्नुहुन्छ जसले गर्दा तपाईं ऋणको दासत्वमा नपरोस्?*

## ४. जमानी बस्नु र छिटो धनी हुने उपायहरूमा फस्नु

अरूहरूलाई ऋणमा फसाउन उहाँका जनहरू जमानी नबसोस् भनेर परमेश्वरले बाइबलमा धेरै स्पष्ट सन्देश दिनुभएको छ। कसैको जिम्मेवारी नलेओस् भन्ने उहाँको चाहना छ। जमानी बस्नेको खिलाफमा परमेश्वरले हामीलाई चेतावनी दिनुभएको हितोपदेशको पुस्तकमा लेखिएको छ।

**देहायका पदहरू पढ्नुहोस्। तिनीहरूमा के समसामयीक सन्देश हामीलाई दिइएको छ? हेर्नुहोस्, "हे मेरो छोरो, यदि तिमी आफ्नो छिमेकीको जमानी बसेका छौ वा कसैसँग करार बाँधेका छौ भने, यदि आफ्नो प्रतिज्ञाको वचनले तिमी फस्यौ, र आफ्नै मुखको वचनले पासोमा पऱ्यौ भने, तब, हे मेरो छोरो, आफूलाई जोगाउन मैले भनेजस्तो गर, किनकि तिमी आफ्नो छिमेकीको पन्जामा परेका छौः आफूलाई नम्र तुल्याएर झट्टै जाऊ, र छिमेकीसँग खुरन्धार बिन्ती गर! आँखामा निद्रा पर्न नदेऊ, र पटल बन्द हुन नदेऊ। शिकारीको हातबाट हरिण उम्केझैं, व्याधको पासोबाट चरा फुत्केझैं तिमीले आफूलाई मुक्त**

**गर्नु।"** हितोपदेश ६:१-५; **"समझ नभएको मानिस वाचाबन्धन गर्छ, र आफ्नो छिमेकीको जमानी बस्छ।"** हितोपदेश १७:१८ र **"बन्धकमा आफ्नो हात नहाल्, अथवा अर्काको ऋणको जमानी नबस्।"** हितोपदेश २२:२६।

आफ्नो हैशियत नभएको र प्रसस्त आयस्रोत नभएको मानिसले ऋण लिएर क्रियाकलाप गर्न कुनै व्यक्ति वा वित्तिय संस्थाबाट ऋण लिन कसैको जमानी खोज्छ। ऋण दिने मानिसलाई यो थाहा हुन्छ कि ऋण लिने मानिसको ऋण लिन खास हैशियत छैन त्यसकारण त्यो व्यक्तिले ऋणपत्रमा सही गर्न अर्को साथी खोज्नुपर्ने हुन्छ। अनि त्यही साथीको सहीको आधारमा त्यस व्यक्तिलाई ऋण दिइन्छ। यदि समयमा ऋण तिर्न सकेन भने जमानी बसेको साथीको पछि ऋण दिने वा बैंक पछि लाग्दछ।

कतिपय समयमा तपाईंको चर्चको साथीले जमानी बस्न अनुरोध गर्दछ होला। तर तपाईंले भन्नसक्नुपर्छ कि यस्तो गर्न बाइबलले मनाही गरिएको छ। हो, हामीले सकेसम्म सहयोग गर्नुपर्छ भनेर बाइबलले सिकाएको कुरामा हामी बिचलित हुनुहुन्न। तर अरूहरूको ऋणको निम्ति हामी जिम्मेवारी बस्नुहुन्न।

छोराछोरीहरूले मोटरबाइक वा मोटर किन्न आमाबाबु जमानी बस्न अनुरोध गर्न सक्दछन्। वा ठूलो छोराछोरीहरूले आफ्नो व्यापारको निम्ति पैसा सापत लिन बाबुआमा जमानी बस्न अनुरोध गर्न सक्छन्। तिनीहरूको निम्ति पनि जवाफ त्यही हुनुपर्दछ। यदि आवश्यकता नै छ भने अरूलाई सहयोग गर्न उपयुक्त त छ तर अरूको ऋणको निम्ति जमानी बस्नु बुद्धिमानी होइन। अध्ययनमा यो भेट्टाइएको छ कि जमानी बस्ने ७५ प्रतिशतले ऋण तिर्नुपरेको थियो।

**देहायका पदहरूमा के चेतावनी दिएको छ? हेर्नुहोस्, "विश्वसनीय मानिसले बेसरी आशिष् पाउनेछ, तर धनी हुनलाई व्यग्र बन्नेहरू दण्डविना रहनेछैन।"** हितोपदेश २८:२० र **"तर धनी हुने इच्छा गर्नेहरू परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दुःखदायी इच्छाहरूमा डुब्छन्, जसले मानिसहरूलाई बरबादी र सर्वनाशमा डुबाउँछन्। किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड़ हो। पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका छन्।" १ तिमोथी ६:९-१०।**

मानिसहरूलाई छिटो धनी बनाउने उपाय वा जुक्तिहरू बनाउने कतिपय निकायहरू छन्। यो पनि आर्थिक मामिलामा मानिसलाई धरापमा पार्ने

योजना हो। जो मानिसहरू त्यस धरापमा पर्छन् तिनीहरूको आर्थिक अवस्था खस्किने निश्चय नै छ। सुरुमा त्यस्तो उपायहरूमा पैसा लगानी गर्नु असल र मोह लाग्दो त देखिन्छ। तर समय बितेर जाँदा धेरै मानिसहरू भावानात्मक र आर्थिक अवस्थामा नोक्सानीमा परेको पाइएको छ। अझ कतिपय समयमा यस दुःखदायी मानिसलाई फसाउने मामिलामा त्यस योजनामा आफू संलघ्न हुन पैसा सापत लिनुपर्ने देखिएको हुन्छ। यसले गर्दा कतिपय समयमा ठगहरू धनि भएका हुन्छन् तर अरूहरू आर्थिक अवस्थामा विग्रिन गएको पाइएको छ। जब कुनै आफन्त वा साथीभाइले त्यस्तो छिटो धनी हुने योजनमा तपाईंलाई फसाउन चाहन्छ तपाईं त्यसबाट हिँड्ने होइन तर छिटो छिटो भाग्नुहोस्।

## ५. सिमित सर्त र ऋण लिनुपर्ने अवस्था

**व्यवस्थामा लेखिएका देहायका पदहरू पढ्नुहोस्। आफ्ना जनहरूबाट परमेश्वरले के अपेक्षा गर्नुभएको छ सो ती पदहरूमा कसरी उल्लेख गरिएको छ? हेर्नुहोस्, "प्रत्येक सात वर्षको अन्तमा कर्जा-माफीको समय राख्नुपर्छ। त्यो यसरी गरिनेछः हरेक ऋणदाताले आफ्नो नाता-भाइ इस्राएलीलाई दिएको ऋण छोड़िदिओस्। त्यसले आफ्नो स्वदेशी दाजुभाइलाई ऋण फर्काउन बाध्य नगरोस्, किनकि परमप्रभुको कर्जामाफीका समयको घोषणा भएको छ। परदेशीलाई चाहिँ कर गरेर माग्न सक्छौ, तर तिमीहरूका दाजुभाइको ऋण माफी देओ। मैले आज आदेश दिएका परमप्रभु तिमीहरूका परमेश्वरको वचन तिमीहरूले होशियारीसाथ पालन गऱ्यौ भने, तिमीहरूमा कोही गरीब हुनेछैन, किनभने तिमीहरूको अधिकारमा दिनुहुने देशमा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई प्रशस्त आशिष् दिनुहुनेछ। आफ्नो प्रतिज्ञाअनुसार परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुहुनेछ, र तिमीहरूले अनेक जातिलाई कर्जा दिनेछौ, तर तिमीहरूले चाहिँ कर्जा लिनुपर्नेछैन। तिमीहरूले धेरै जातिलाई शासन गर्नेछौ, तर उनीहरूले तिमीहरूमाथि शासन गर्नेछैनन्। व्यवस्था १५:१-६।**

प्रत्येक सात वर्षमा के हुनुपर्छ भनेर परमेश्वरले बिधीहरू दिनुभएको छ (प्रस्थान २१:२; लेबी २५:३,४)। ती विधिहरूमा एउटा बिधि वा नियमचाहिँ दास वा नोकरहरू र जमिनमात्र होइन **ऋण** वा कर्जा दिनेहरूले पनि के गर्नुपर्छ भनेर विधि तोकिएको छ। ऋण दिनेले ऋण क्षमा नदिने भएकोले कोही ऋणी छ भने परमेश्वरको आज्ञा अनुसार सात वर्षसम्ममात्र कोही ऋणमा बस्न सक्छ। यसबाट हामीले के पाठ सिक्न सक्छौं त्यो आफ्नै

ठाउँमा भएतापनि इस्राएलीहरूको बीचमा कस्तो आर्थिक कारोबार गर्नुपर्छ भनेर परमेश्वरले चासो देखाउनुभएको थियो। ती पदहरूमा ऋणको वास्तविकतालाई परमेश्वरले स्वीकार गर्नुभएको थियो भनेर देखाइएको छ। उहाँलाई थाहा छ ऋण लिनु धेरै असल होइन। सकेसम्म ऋण दिनु र लिनुबाट मानिसहरू अलग हुनुपर्छ भनेर परमेश्वरले जोर गर्नुभएको ती पदहरूले आभास् दिन्छ।

आजभोली कतिपय देशमा घर जग्गाको निम्ति कर्जा लिन्दा ३० र ४० वर्षभित्र तिर्न सक्ने भनेर सम्झौता गरिएको हुन्छ। ती घर र जग्गा धेरै महँगो भएकोले त्यस्तो प्रावधान बनाइएको हो।

फेरि त्यसै वखत धेरै मानिसहरू, बाबुआमा र विद्यार्थीहरूले शिक्षाको निम्ति ऋण लिनुहुन्छ कि हुँदैन भनेर पनि सोचमा पर्छन्। नियम अनुसार कलेजमा अध्ययन गरेर हासिल गरेको डिग्रीले व्यक्तिलाई जीवनभर आर्थिक अवस्थालाई सक्षम् बनाउँछ। कतिपयले अध्ययन गर्न पैसा सापत लिनुपर्ने हुन्छ। आजको परिप्रेक्ष्यमा यो उचित नै देख्न सक्छ। तर एउटा कुरा ख्याल गर्नुपर्छ कि आफूले लिएको ऋण व्याजसमेत तिर्नुपर्ने हुन्छ। सकेसम्म छात्रवृत्ति र अध्ययन गर्न दिइने चन्दाहरूको प्रयोग गर्न खोज्नुपर्छ। त्यो प्राप्त गर्न योग्य पनि हुनुपर्दछ। स्कूलमा पढ्न सकेसम्म काम गरेर पैसा जम्मा गर्न प्रयास गर्नुपर्छ। यस्तो विषयबस्तु अध्ययन गर्नुपर्छ जसले काम दिलाउँछ। त्यसको निम्ति बाबुआमाको सहायता माग्नुपर्छ। बाइबलको समयमा बाबुआमाले आफ्ना छोराछोरीहरूलाई खेतबारी दिन्थ्यो। त्यसमा परिश्रम गरेर आफ्नो जिविका निर्वाह गर्न सक्थ्यो। आजभोलि बाबुआमाले दिने सम्पत्ति भनेको असल शिक्षा नै हुनसक्छ। त्यसले गर्दा तिनीहरू वयस्कमा पुगे पछि आफ्नै खुट्टामा उभिन सक्ने हुन्छ।

आदर्श संसारमा ऋण लिनेदिने हुँदैन। तर हामी आदर्श संसारमा छैनौं, त्यसकारण कहिलेकाहीँ ऋण लिनुपर्ने वाध्यता हुन्छ। जे भएतापनि आर्थिक कारोबारमा तपाईंलाई के फाइदा छ त्यसमा ध्यान दिनुहोस् र सकेसम्म कम व्याज तिर्ने सर्तमा ऋण लिनुहोस्। सकेसम्म आवश्यकता अनुसार थोरैमात्र ऋण लिनुहोस् र छिटै त्यो तिरेर ऋणमुक्त हुन प्रयास गर्नुहोस्। त्यसले गर्दा तपाईंलाई व्याजको भारी हुँदैन। सैद्धान्तिक कुरामा सकेसम्म ऋण नलिने मनस्थितिमा हामी रहौं। पैसाको मामिलामा बाइबलले देखाएका नीतिहरूलाई दैनिक जीवनमा प्रयोग गरौं। यसो गर्दा ऋणमा नपर्न र परिवारलाई तनावमा नपार्न हामी प्रयास गरौं।

यदि तपाईंले कसैलाई ऋण दिनुभएको छ भने त्यसको कारोबारमा तपाईं कतिको सदाशय हुनुभएकोछ। ती कारोबारको बारेमा परमेश्‍वरलाई हिसाब दिंदा हामी कस्तो भएको चाहन्छौं? परमेश्वरलाई हामीले दिने हिसाबकिताबमा हेर्नुहोस्, "हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।" उपदेशक १२:१४।

**उपसंहार: ऋणबाट मुक्त हुने मामिलामा माथि दिएका कदमहरू एलेन जी ह्वाइटकै लेखहरूबाट उतारिएका हुन्।**

"अर्को ऋण कहिल्यै पनि नलिने प्रतिवद्धता जनाउनुहोस्। ऋणमा पर्नुभन्दा आफ्नो निम्ति हजारौँ थोक त्याग्नुहोस्। तपाईँको जीवनमा ऋणमा पर्नु अभिशाप भइरहेको छ। जसरी बिफर रोगबाट तपाईँ अलग हुन चाहनुहुन्छ त्यसरी नै ऋणबाट पनि अलग हुन खोज्नुहोस्।

"परमेश्वरको आशिषले तपाईँको ऋण तिर्न सकोस् भनेर परमेश्वरसँग करार बाँध्नुहोस्। तपाईँ गुन्द्रुक र ढिँढोमा बाँच्नुपरेतापनि ऋणमा नपर्ने प्रतिवद्धता जनाउनुहोस्। ऋण लिने कुरामा तपाईँ हिचकिचाउनुहोस्, यसबारे हतोत्साह हुनुहोस् र फर्कनुहोस्। मिठो मिठो खाने कुरा र भोकलाई तृप्त पार्ने परिकारहरूलाई तपाईँ त्याग्नुहोस् ताकि तपाईँको पैसाले ऋणहरू तिर्न सकोस्।

"सकेसम्म छिटो काम गरेर ऋण तिर्नुहोस्। तपाईँ ऋणमुक्त भएर स्वतन्त्र व्यक्ति फेरि हुनसक्नुहुन्छ। कसैप्रति पनि ऋणी नहुनुहोस्। यस खालको जीवनले तपाईँले ठूलो बिजयी जीवन बिताइरहनुभएको छ भनेर महसुस गर्नुहुनेछ। ऋणमुक्त जीवन नै ठूलो उपलब्धीमूलक जीवन हो।"-एलेन जी ह्वाइट, *काउन्सिल अन स्टुवार्डशिप,* पृ. २५७ बाट रूपान्तरित।

ऋण मुक्ति स्वतन्त्र जीवन तपाईँ बिताउन चाहनुहुन्छ भने देहायका केही नीतिहरू अवलम्ब गर्नुहोस्: *आयव्ययको लेखा राख्नुहोस् र बजेट बनाउनुहोस्।* तपाईँको आम्दानी र खर्चको लेखा राख्नुहोस्। तीन महिनाभित्रमा तपाईँले के किन्नभएको छ सो समिक्षा गर्नुहोस्। त्यसो गर्दा तपाईँले अनावश्यक थोकहरूमा कति पैसा खर्च गर्नुभयो सो तपाईले जानेर तपाईँ छक्क पर्नुहुनेछ।

सापत लिएर चलाउने बानी नबसाल्नुहोस्। आजको सहरीय जीवनमा विभिन्न बित्तिय संस्थाले क्रेडित वा सापत लिएर समान किन्न लगाउने कार्डहरू दिन्छन्। तिनीहरूलाई नाश गर्नुहोस्। यसले धेरै परिवारहरूलाई ऋणमा पारिरहेको छ। ती ऋणहरू तिर्न सजिलो हुँदैन। तिनीहरूलाई प्रयोग गरेर अनावश्यक कुरा किन्नुभन्दा तिनीहरूलाई नाश गर्नु हित हुन्छ नभए त्यसले तपाईँ र तपाईको दाम्पत्य जीवनै सखाप पार्दछ।

*पैसाको लेखाजोखा राख्नुहोस्।* सानोतिनो कुरा तर हामीलाई खास आवश्यक नभएको किन्दा कतिपय पैसा हामी जोगाउन सक्छौँ। यस लेखाजोखाले हाम्रो खर्च गर्ने बानीमा कटौटी हुन्छ। याद गर्नु होस्, सानोतिनो अनावश्यक थोक किनेको हिसाब गर्दा धेरै हुन सक्छ।

**चिन्तनमननः**

अ. व्यक्तिगत मानिस र धेरै राष्ट्रहरूले कति ऋण लिन्छन् त्यो सोच्दा दिमाग नै खलबलिन्छ। ऋणको मामिलामा तपाईंको अनुभव के छ? तपाईको निम्ति वा अरूहरूको निम्ति ऋणमा परेको समस्याको बारेमा तपाईंको अनुभव कस्तो छ?

आ. तपाईका चर्चका सदस्यहरूको आर्थिक कारोबारमा व्यवस्थित गर्न तपाईंको स्थानीय चर्चले के गर्न सक्छ?

इ. संसारसँग प्रतिस्पर्धा नगर्न र लोभले गर्दा आर्थिक खतरामा तपाईं नपर्न बाइबलमा के प्रतिज्ञाहरू छन् जुन तपाईंले दावी गर्न सक्नुहुन्छ?

## कथा ५

# पाथफाइन्डर क्लबलाई दु:ख दिने केटा



मलावीको म्जुजु सहरमा एडमन्ड केटो बदमास थियो। आफ्ना बुबाआमा, शिक्षक र आफूभन्दा ठूलोको कुरा उसले सुन्न चाहन्दैनथ्यो। स्कूलमा अरू साथी र शिक्षकलाई समेत पिटपाट गर्दथ्यो। उसको अगाडि सबै बालबालिका र ठूलो मानिसहरू डराउँथे। सबैको निम्ति ऊ घाँडो भएको थियो र अत्यन्तै बदमास केटो भनेर उसले नाम कमाएको थियो। एक दिन पाथफाइन्डर क्लबलाई दुःख दिँदा रमाइलो हुनेछ भनेर उसले निधो गऱ्यो। उसले आफू जस्तै अरू बदमास केटाहरू जम्मा गऱ्यो। तिनीहरू चेसफु सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गए र त्यहाँ पाथफाइन्डर क्लबका केटाकेटीहरूको गीत र लस्करलाई जिस्क्याउन र मजा गरे। ती पाथफाइन्डरहरूको प्रतिक्रियाले उसलाई मजा लाग्यो। ऊ र उसका साथीहरू हप्तै पिछे आएर जिस्क्याउन थाले।

तर जब हप्ताहरू बिते तब पाथफाइन्दरका युवायुवतीहरूको क्रियाकलापप्रति चासो देखाउन थाल्यो। ती केटाकेटीहरूले के गरिरहेका थिए र तिनीहरूको आस्था के थियो भन्ने कुरोमा उसले खोजनीति गर्न थाल्यो। जब म्जुजु रङ्गशालामा चर्चले सार्बजनिक सुसमाचार कार्यक्रमको आयोजना गऱ्यो तब एडमन्ड पनि गयो। तर उसले आफ्नो साथीहरूलाई केही भनेन। तिनीहरूले उसप्रति हँसी उडाउनेछ भनेर उसलाई डर लागेको थियो। उसले आफ्ना बाबुआमालाई पनि भनेन। तिनीहरू अर्कै इसाई सम्प्रदायमा थिए। आफूलाई बाबुआमाले कुटपिट गर्नेछ भन्ने डरले आफू एक्लै चुपचाप त्यस कार्यक्रममा सहभागी भयो।

त्यस सुसमाचार कार्यक्रममा एडमन्ड स्वर्गको परमेश्वरको प्रेममा फस्यो। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको प्रभुप्रति ऊ मोहित भयो। आफूले जिक्याएका र दुर्व्यवहार गरेका केटाकेटी र ठूलाहरूले उसलाई पन्छाउला भनेर ऊ डराएको थियो। तर उसले आफ्नो साहसलाई समाल्यो र बप्तिस्माद्वारा आफ्नो हृदय परमेश्वरलाई सुम्प्यो।

जब चार महिनापछि एडमन्ड एडभेन्टिस्ट भएको बाबुआमाले थाहा पाए तब उसलाई तुरन्तै घरबाट निकालिदिए। ऊ चर्चका सदस्यहरूको घरमा बस्यो। तिनीहरूले उसलाई बाइबलको बारेमा धेरै सिकाए। बाइबलको ज्ञानमा ऊ निपुण भयो र बाइबल सिकाउन सक्ने पनि भयो। उसले यताउती काम गरेर पैसा कमाउन थाल्यो र स्कूलमा चाहिने पैसा आफैले तिर्न सक्ने भएको थियो। ती वर्षपछि एडमन्डको बुबाआमाले ऊ परमेश्वरप्रति बफादार भएको देखे। ऊ नयाँ व्यक्ति भएको  पनि तिनीहरूले महसुस गरे। त्यसको फलस्वरूप उसलाई आफ्नो घरमा फेरि हुल्यो।

आज, एडमन्ड ट्चीरी एडभेन्टिस्ट महिलासँग विवाह गरेको छ। तिनीहरूका दुई छोराहरू छन्। अहिले ऊ चेसिफु एडभेन्टिस्ट चर्चको एल्डर पनि भएको छ। त्यस ठाउँको पाथफाइन्डरका केटाकेटीहरूलाई उसले त्राही त्राही गरेका थिए। परमेश्वरलेमात्र बदमास विद्यार्थीलाई आमूल परिवर्तन गरेर चर्चको एल्डर बनाउन सक्नुहुन्छ भनेर उसले सुनाउँछ। "केटाकेटी जतिसुकै बदमास भएपनि तिनीहरूलाई कहिल्यै पनि  नहेप्नु," भनेर उसले बताउँछ।

-शेरोन न्ड्हलोभु